Janaprakash Journal of Multidisciplinary Research
Vol. 2, December 2024, pp. 156-170
ISSN 3021-9892 (Print), 3021-9906 (Online)
Journal homepage: http://janaprakash.edu.np/Home/JournalsArticles

# सावर्णि उपन्यासमा साइबरचेतना

**सहप्रा. एकनारायण पौड्याल (विद्यावारिधि)**
*नेपाली विभाग, वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर चितवन*
*Email: enpaudyal@gmail.com*

DOI: *https://doi.org/10.3126/jjmr.v2i1.75179*

## लेखसार

Received: October, 2024
Revised: November, 2024
Accepted: December, 2024

Copyright: ©2024 The authors and the Publisher

*प्रस्तुत लेख श्रीधर खनालद्वारा लिखित सावर्णि उपन्यासको अध्ययनमा केन्द्रित छ । यस उपन्यासको साइबरसमालोचनाका आधारमा विश्लेषण गरिएको छ । अध्ययनका क्रममा उपन्यासमा साइबरचेतना के कस्तो रूपमा प्रस्तुत भएको छ भनी खोज गरिएको छ । साइबर भन्नाले विद्युतीय सञ्चारको सञ्जाल भन्ने बुझिन्छ । यससँग जोडिएर आएको चेतना शब्दले व्यक्तिको भित्री ज्ञान भन्ने अर्थ बुझाउँछ । यी दुवै शब्द र अर्थलाई जोड्दा साइबरचेतना भन्नाले विद्युतीय सञ्चारको सञ्जालसँग सम्बन्धित ज्ञान भन्ने अर्थ बुझिन्छ । प्रस्तुत लेखमा यही साइबरचेतनाको खोज गरिएको छ । यस उपन्यासमा साइबरयुगको विकासले चरम अवस्था प्राप्त गरेपछि साइबर सञ्जालमा एआईको नियन्त्रण हुन लागेको अवस्थाको चित्रण गरिएको छ। यसका साथै विज्ञान तथा प्रविधिको उच्च विकास र प्रयोगका कारणले मानवनियन्त्रित समाज र मानवयुगको अन्त्य भएपछि मानिसद्वारा निष्क्रिय पारिएको एआई पुनः सक्रिय भई आफ्नै नियन्त्रणमा मानवसमाजको पुनः स्थापना गरिएको विषयवस्तु प्रस्तुत गरिएको छ । गुणात्मक प्रकृतिको यस अध्ययनमा प्राथमिक सामग्रीका रूपमा सावर्णि उपन्यास रहेको छ भने द्वितीयक सामग्रीका रूपमा साइबरसमालोचनासँग सम्बन्धित पुस्तक, लेख आदि रहेका छन् । उपन्यासमा साइबरको प्रयोग के कस्तो रूपमा गरिएको छ भन्ने मुख्य समस्यामा केन्द्रित यस अध्ययनमा उपन्यासबाट खासखास अंश उद्धरण गरी व्याख्यात्मक तथा विश्लेषणात्मक विधि अवलम्बन गरेर साक्ष्यका आधारमा समस्याको समाधान खोजिएको छ । साइबरसमालोचनालाई आधार बनाएर अध्ययन गर्दा यस उपन्यासमा मानवलाई चिप्स, रोबोट आदि यन्त्रमानवद्वारा नियन्त्रण गरी राखिने समाजको परिकल्पना गरिएको र यसरी यन्त्रद्वारा नियन्त्रित हुँदा मानवको स्वअस्तित्व र मौलिक सिर्जनशील क्षमता नष्ट हुने भएकाले यसतर्फ सचेत हुनुपर्ने कथ्य रहेको पाइन्छ । यसरी उपन्यासमा यन्त्रद्वारा शासित र निर्देशित साइबरसमाजको परिकल्पना गरी नवीन विषयवस्तुलाई रोचक भाषाशैलीका माध्यमले प्रस्तुत गरिएका कारण उपन्यास साइबरचेतनाका दृष्टिले स्तरीय र सफल रहेको निष्कर्ष निकालिएको छ ।*

***शब्दकुञ्जी :*** *भूमण्डलीकरण, रोबोट, सफ्टवेयर, साइबरसंस्कृति, सावर्णि ।*

## विषयपरिचय

साइबर सिद्धान्त साहित्यिक रचनाको विश्लेषण गर्ने नवीन पद्धति हो । यो उत्तरआधुनिकतावादी साहित्य सिद्धान्तमध्येको एक मुख्य सिद्धान्त हो । यसले साइबर प्रयोगका सकारात्मक र नकारात्मक दुवै पक्षमा आधारित साहित्यिक कृतिको विश्लेषण गर्दछ । यसले रोबोट, च्याट जिबिटी, एआईजस्ता शब्द र तीसँग सम्बन्धित विषय प्रयोग भएका कृतिको विश्लेषण गर्दछ । यसले विधातत्त्व, नारीवाद, प्रगतिवादजस्ता तत्त्व र सिद्धान्तले विश्लेषण गर्न नसक्ने साइबरमा आधारित कृतिको अध्ययन गर्दछ । नेपाली साहित्यमा साइबरलाई विषय बनाएर लेखिएका सिर्जनात्मक कृतिको सङ्ख्या थोरै रहेकाले यस आधारमा विश्लेषण गरिएका समालोचनाको सङ्ख्या पनि अति न्यून रहेको छ । साइबरलाई विषय बनाएर लेख्ने स्रष्टामध्येका एकजना श्रीधर खनाल (२०४६) हुन् । उनी पेसाले चिकित्सक भए पनि साहित्यकारका रूपमा परिचित छन् । खनालको साहित्ययात्रा 'आज मेरो कलम लेख्नै मानेन' (२०६०) शीर्षकको कविता प्रकाशन भएसँगै सुरु भएको हो । कविता र आख्यानका उपविधाहरूमा कलम चलाइरहेका खनाल सेभेन ब्ल्यु बल्स (सन् २०१२) नामक उपन्यासबाट आख्यानक्षेत्रमा प्रवेश गरेका हुन् । उनको जिपिटी २०००यु (GPT 2000Ú) (२०८०) शीर्षकको कथा 'सङ्ग्रह' नभए पनि चर्चित र उल्लेखनीय रहेको छ । सद्यःप्रकाशित उपन्यास सावर्णि (२०८१) नेपाली उपन्यासपरम्परामा उल्लेखनीय कृतिका रूपमा देखिएको छ । नवीन विषयवस्तुका कारण यो निकै चर्चित छ । उपर्युल्लिखित कृतिहरूले खनाललाई विज्ञान-आख्यान लेख्ने स्रष्टाका रूपमा चिनाएका छन् । उनका कृतिहरू विषयवस्तुका दृष्टिले नयाँ हुनाका साथै भाषाप्रयोग र शैलीशिल्पका दृष्टिले मौलिक स्वरूपका देखिएका छन् । खनालका कृतिहरूको विषयवस्तु नवीन भए पनि भाषा र कथानक सरल भएका कारण सुबोध्य छन् । उनका आख्यानका कृतिहरूमध्ये सावर्णि साइबरलाई विषय बनाई लेखिएको उपन्यास हो । करिब दुईतीन दशकअघिदेखि साइबरसंस्कृतिको विकास र विस्तार हुन लागेसँगै त्यसको प्रभाव साहित्यमा पनि परेको देखिन्छ र त्यसबाट उपन्यासकार खनाल पनि प्रभावित देखिन्छन् । खनालले सावर्णि उपन्यासमा फेसबुक, मोबाइल, मेसेन्जर, ल्यापटप, रोबोट, कृत्रिम बौद्धिकता, सफ्टवेयरजस्ता साइबरसँग सम्बन्धित शब्दावली र तिनको प्रयोगसम्बन्धी विषयसन्दर्भ प्रयोग गरी उपन्यासलाई नवीनता दिएका छन् । यसमा उनले विज्ञानको चरम उपलब्धि र त्यसले भविष्यमा निम्त्याउन सक्ने सङ्कटलाई देखाउन खोजेका छन् । यस क्रममा उनले मानवनिर्मित यन्त्रका कारण मानवकै अस्तित्व र पूरा सभ्यता नै समाप्त भएको देखाएका छन् । यसका अतिरिक्त उपन्यासमा त्यस चरम अवस्थापछि पुनः रोबोट/एआईद्वारा मानिसको जन्म गराइएको छ र उनीहरूलाई कृत्रिम मानवले नै नियन्त्रणमा राखी मानवबस्ती विस्तार गरेको काल्पनिक संसार सिर्जना गरिएको छ । यसमा यन्त्रद्वारा निर्मित मानव यन्त्रविना बाँच्न नसक्ने मानसिक अवस्थामा पुगेको देखाई भविष्यमा यस्तो अवस्था आउन सक्ने सम्भावनातर्फ सङ्केत गरिएको छ । यसप्रकार साइबरलाई विषय बनाई लेखिएकाले यो उपन्यास नवीन प्रकृतिको देखिएको छ ।

नेपाली साहित्यमा साइबर सिद्धान्तलाई आधार बनाएर अन्य कृतिको अध्ययन भए पनि सावर्णि उपन्यासको गहन अध्ययन भएको पाइँदैन । यस उपन्यासका बारेमा अनलाइन पत्रिका १२खरीमा मन्जिल सुवेदी (२०८१) ले 'एआई युगको नवीन सिर्जना 'सावर्णि'' शीर्षकको लेखमा एआईलाई आधार

बनाएर उपन्यासको छोटो टिप्पणी गरेका छन् । यसरी नै अनलाइन पत्रिका इन्सुरेन्स खबर (२०८१) मा 'एआई र रोबोटिक्समा आधारित पहिलो नेपाली उपन्यास सावर्णि' शीर्षकको लेख छापिएको छ र यसमा साइबरसँग सम्बन्धित एआई र रोबोटिक्सका आधारमा उपन्यासको चर्चा गरिएको छ तापनि साइबर सिद्धान्तलाई आधार बनाएर अनुसन्धानात्मक किसिमले अध्ययन गरिएको छैन । यस्तै किसिमले अन्य पत्रपत्रिकामा सावर्णिको सामान्य रूपमा समीक्षा गरिए पनि गहन अध्ययन नगरिएकाले सोही शोधरिक्तता पूरा गर्नका लागि यो विषयशीर्षक चयन गरिएको छ। उपन्यास साइबरका दृष्टिले महत्त्वपूर्ण भएको र साइबरचेतनाका दृष्टिले अध्ययन गरिएका कारण यसको नेपाली साहित्यमा प्राज्ञिक महत्त्व रहने विश्वास गरिएको छ ।

## अध्ययनविधि र विश्लेषण

यस अध्ययनमा सामग्री सङ्कलनको मुख्य स्रोत पुस्तकालय रहेको छ । यसमा गृहीत उपन्यास सावर्णि प्राथमिक सामग्रीका रूपमा रहेको छ। साइबर र साइबरसाहित्यका बारेमा उल्लेख गरिएका लेख, पुस्तकादि सामग्री द्वितीयक स्रोतका रूपमा रहेका छन् । यसरी प्रस्तुत अध्ययनमा दुवै स्रोतका सामग्री प्रयोग गरिएको छ। गुणात्मक प्रकृतिको यस अध्ययनमा व्याख्यात्मक एवं विश्लेषणात्मक विधि अवलम्बन गरिएको छ । उपन्यास विश्लेषणका लागि साइबर समालोचनाका मान्यतालाई आधार बनाइएको छ र पुस्तकबाट खासखास अंश साक्ष्यका रूपमा उद्धरण गरी विश्लेषणबाट प्राप्त हुने नतिजालाई प्रामाणिक बनाइएको छ । विश्लेषणका लागि 'एआईको विकासले प्रभावित वर्तमान मानवसमाज' र 'एआईद्वारा पूर्ण नियन्त्रित स्वैरकाल्पनिक मानवसमाज' गरी एआईचेतनासँग सम्बन्धित दुईवटा सूचकलाई आधार बनाइएको छ । कृतिको अध्ययनपछि साइबरचेतनासंबद्ध विशेषता ठम्याइएकाले यसमा आगमनात्मक विधिका साथै निगमनात्मक विधि पनि अवलम्बन गरिएको छ ।

### विश्लेषणको सैद्धान्तिक पर्याधार

समालोचनाका नवप्रवर्तित सिद्धान्तहरूमध्ये साइबर समालोचना एक मुख्य सिद्धान्त हो । यो उत्तरआधुनिकतावादभित्र विकसित सिद्धान्तअन्तर्गत पर्दछ । यस समालोचनाले साइबरसँग सम्बन्धित र प्रविधिसंस्कृतिमा आधारित साहित्यिक कृतिको विश्लेषण गर्दछ। यसलाई अङ्ग्रेजीमा साइबर क्रिटिसिज्म भनिन्छ। साइबर शब्द अङ्ग्रेजी भए पनि यो नेपालीमा प्रयोग हुँदै आएको छ। यो समालोचना सञ्चारका क्षेत्रमा भएको अत्याधुनिक विकासले मानवसमाजमा पारेको प्रभावका कारण जन्मेको र विस्तार भएको हो । यसकारण यसको अस्तित्ववाद, विसङ्गतिवाद आदि वादहरूको जस्तो दार्शनिक आधार रहेको पाइँदैन । दार्शनिक आधार नभए पनि यो विज्ञान र प्रविधिका कारण बदलिएको सभ्यता र समाजको अध्ययन गर्न सक्षम सिद्धान्त हो। यो समालोचना दोस्रो विश्वयुद्धपछि सूचना तथा सञ्चारका क्षेत्रमा आएको तीव्र र उच्च प्रविधिको विकाससँगै जन्मेको हो । विद्युतीय सूचना सञ्जालको विकास भएपछि त्यसको असर समाजका विविध क्षेत्रका साथै साहित्यमा पनि परेको हो । यस समालोचनाको थालनी र विस्तार

खास गरी सन् १९८० का दशकपछि मात्र भएको हो ।

साइबर समालोचना विश्वव्यापी सञ्जालमा आधारित संस्कृतिको अध्ययन गर्ने समालोचना हो । विश्वव्यापी सञ्जालमा आधारित, कम्प्युटरद्वारा उत्पादित, कम्प्युटरमा निर्भर र कम्प्युटरबाटै पहुँच हुन सक्ने विश्वव्यापी बहु आयामिक परोक्ष यथार्थमा आधारित संस्कृतिलाई साइबर संस्कृति भनिन्छ र यसअन्तर्गत साइबर दिक्, प्रविधि संस्कृति, परोक्ष समुदाय, परोक्ष यथार्थता, परोक्ष पहिचानहरू, परोक्ष दिक्, यन्त्र मानव, साइबर विज्ञान, साइबर आकृतिहरू आदि पर्दछन् (गिलिस, सन् २००७ : २०२) । यो संस्कृति विद्युतीय सञ्चारअन्तर्गत विश्वव्यापी सञ्जालले निर्माण गरेको संस्कृति हो । यो भूमण्डलीकरण वा विश्वग्रामसँग सम्बन्धित भएकाले यसले स्थान र समयलाई नजिक्याउँछ (पौड्याल, २०७०, पृ.४३) । साइबर संस्कृति टेलिभिजन, कम्प्युटर, इन्टरनेट आदि सूचना सञ्जाल वा सञ्चार प्रविधिसँग सम्बन्धित छ अनि यस समालोचनाले सोही संस्कृतिमा आधारित कृतिको अध्ययन गर्दछ ।

कम्प्युटर प्रविधिले पारेको प्रभाव, भूमण्डलीकरण, इमेल-इन्टरनेटको प्रभाव, यन्त्रबाट सबै काम गर्नेगराउने प्रविधि (गौतम, २०६७, पृ.३९२) आदिको प्रभाव सिर्जनामा देखिन थालेपछि यस नवीन विषयको अध्ययनका लागि साइबर समालोचनाको आवश्यकता परेको हो र त्यसैले यसलाई जन्माएको हो । यस कुराबाट यो सूचनाप्रविधिमा आधारित सिद्धान्त हो भन्ने बुझिन्छ । सूचनाप्रविधि भन्नाले कुनै उत्पादित वस्तुको ग्रहणीय स्थानसम्म पुऱ्याउने पद्धति भन्ने बुझिन्छ । यस्ता पद्धतिअन्तर्गत रेडियो, टेलिभिजन, उपग्रह, क्यासेट, मोबाइल, मल्टीप्लेक्स, सिनेमाघर, भिडियो, नेट, वेब, फेसबुक आदि माध्यम पर्दछन् (थापा, २०६७ : ३७२, ३७९) । साइबरले मुख्यतः इन्टरनेटसँग सम्बन्धित विद्युतीय सञ्चारको सञ्जाललाई बुझाउँदछ (शर्मा, २०६८ : पृ. उल्लेख नभएको) । इन्टरनेट वा साइबरका क्षेत्रमा प्रयोग हुने एउटा महत्त्वपूर्ण शब्द साइबरपङ्क हो । यसले पहिला कम्प्युटर कार्यक्रमको चोरी र सूचनाक्षेत्रमा आतङ्क ल्याउने व्यक्तिलाई जनाउँथ्यो । पछि यसले रक सङ्गीतलाई बुझाउन थाल्यो । साहित्यमा प्रयोग हुन थालेपछि यसले विज्ञान-आख्यानको एक उपविधालाई बुझाउन थाल्यो । विज्ञान-आख्यानमा प्रयुक्त हुने अर्को शब्द साइबोर्ग हो । यसले मेसिनतत्त्वले गर्दा मानिसको अधीनभन्दा बाहिरको अनि मानव र मेसिनको मिश्रित अस्तित्व भएको काल्पनिक र औपन्यासिक पात्रलाई बुझाउँछ ।

प्रविधिको विकासका कारण संस्कृतिका क्षेत्रमा भएका परिवर्तनहरूलाई साइबर संस्कृतिले बुझाउँछ र यस संस्कृतिको विश्लेषण साइबर समालोचनाले गर्दछ । यसले कृतिमा वर्णित परोक्ष समुदाय र साइबर संस्कृतिको नयाँ विद्युतीय भूगोलसँग सम्बन्धित साइबर दिक् आदि विविध पक्षको अध्ययन गर्दछ । साइबर दिक् भनेको कम्प्युटरका पर्दापछाडि रहने र विद्युतीय सन्देश आदि कम्प्युटरका माझ पठाउने काल्पनिक स्थान हो (शर्मा, २०६८ : पृ. उल्लेख नभएको) । यस समालोचनाले सोही परोक्ष यथार्थ जीवनको अध्ययन गर्दछ । परोक्ष यथार्थ भनेको सत्य वा यथार्थ नभई सत्यको प्रतिकृति अर्थात् यथार्थको यान्त्रिक नक्कल हो र परोक्ष यथार्थसँग सम्बन्धित कृतिमा मानिसले गर्ने शारीरिक कार्यदेखि सम्झने बिर्सनेजस्ता मानसिक कार्य पनि यन्त्रले गर्दछ (भट्टराई, २०६४ : ६६) । यस समालोचनाले कृतिमा वर्णन गरिएका वा विषय बनाइएका सञ्चार तथा प्रविधिमा आधारित सबै पक्षको अध्ययन गर्दछ । यसले

मानिसद्वारा बनाइएका प्रविधि र प्रविधिका नियन्त्रणमा रहेका मानिससम्मको अध्ययन गर्दछ । यसले कृतिमा प्रस्तुत भएको परोक्ष अर्थात् भर्चुअल रियालिटीका साथै प्राविधिक उपकरण र तिनको प्रयोग तथा परोक्ष मानवसमुदाय वा सभ्यताको अध्ययन गर्दछ (पौड्याल, २०७०, पृ. १४४) । यसले एकतर्फ कृतिभित्र विषयवस्तुका रूपमा साइबर संस्कृतिलाई कुन रूपमा के कसरी प्रयोग गरिएको छ भन्ने कुराको अध्ययन गर्दछ भने अर्कातर्फ साहित्यिक रचनालाई सम्प्रेषण वा प्रसार गर्ने माध्यमका रूपमा साइबरले गरेको कार्यको अध्ययन गर्दछ (अधिकारी, २०७९, पृ. ८८) । कृतिमा कार्यलाई जनाउनका लागि साइबारसँग सम्बन्धित विविध शब्दावली प्रयोग भएका हुन्छन् । साइबर संस्कृतिमा आधारित कृतिमा पात्रले सजिलै प्रयोग गर्ने मोबाइल, मेसेन्जर, फेसबुक आदि साइबर प्रयोगसम्बन्धी सरल कुरा पनि आएका हुन्छन् र सजिलै प्रयोग गर्न र बुझ्न नसकिने यन्त्रमानव र उसका उच्च प्रविधि र चामत्कारिक कार्यसँग सम्बद्ध जटिल प्रयोगहरू पनि आएका हुन्छन् (भट्टराई, २०६४, पृ. ७५) । साइबर समालोचनाले ती सबै पक्षको अध्ययन गर्दछ । सावर्णिमा साइबरका सरल पक्षको भन्दा बढी जटिल पक्षको प्रयोग भएको छ र यसको विश्लेषणका लागि साइबर समालोचनाको पद्धति नै उपयुक्त भएकाले प्रस्तुत अध्ययनमा यसैलाई आधार बनाएर उपन्यासको विश्लेषण गरिएको छ ।

## विमर्श र परिणाम

नेपाली उपन्यासका क्षेत्रमा साइबर प्रयोगका दृष्टिले श्रीधर खनालद्वारा लेखिएको सावर्णि महत्त्वपूर्ण उपन्यास हो । यसमा साइबर प्रयोगसम्बन्धी वर्तमान अवस्थालाई विषय बनाइनाका साथै स्वैरकल्पनाको प्रयोग गरी भविष्यको पनि आकलन गरिएको छ । प्रस्तुत उपन्यासमा मानवले क्रमिक रूपमा एआई, रोबोट आदि उच्च प्रविधिको प्रयोग/उपयोग गर्दै गएका खण्डमा भविष्यमा मानिस आफूले बनाएका प्रविधिका अधीनमा बस्न पर्ने दिन आउन सक्ने कुराको सङ्केत गरिएको छ । उपन्यासको विषयवस्तुका साथै भाषा पनि साइबरसँग सम्बन्धित छ, जस्तै : आर्टिफिसियल इन्टेलिजेन्स, इन्फर्मेसन, इमेल, एड्रेस, एप, गुगल, डाउनलोड, रोबोट, लगिन आदि । प्रस्तुत विषयवस्तु र भाषाका सन्दर्भबाट सावर्णि उच्च प्रविधि प्रयोग भएको साइबरउपन्यास हो भन्ने बुझिन्छ । उपन्यासमा आजको मान्छे मोबाइल र कम्प्युटरका माध्यमबाट क्रमशः एआई, रोबोटजस्ता यन्त्रमानवका  नियन्त्रणमा फस्दै गएको कुरा देखाइएको छ । यस क्रममा नेट-इन्टरनेटको भर पर्ने र त्यसैमा आश्रित हुने प्रवृत्तिले मान्छे उच्च प्रविधिको प्रयोगविना अगाडि बढ्न नसक्ने अवस्थामा पुग्न लागेको कुरा प्रस्तुत गरिएको छ । उपन्यासका आरम्भमा एआई प्रभावको विषयवस्तु प्रस्तुत भएको छ भने उपन्यासको विकासका क्रममा स्वैरकल्पनाको प्रयोग गरी जुन प्रकारले एआईको तीव्र विकास भइरहेको छ यसले मानिसको भविष्य कस्तोसम्म हुन सक्दछ भन्ने विषयमा काल्पनिक मानवसभ्यता प्रस्तुत गरिएको छ । त्यस सभ्यतामा मानिस पूर्णतः एआईको नियन्त्रण र निर्देशनमा रहनेछ भन्ने देखाइएको छ । अतः उपन्यासमा वर्णित विषयलाई एआईको विकासले प्रभावित वर्तमान मानवसमाज र एआईद्वारा पूर्ण नियन्त्रित स्वैरकाल्पनिक मानवसमाज गरी दुई सूचक निर्धारण गरी अध्ययनलाई व्यवस्थित तरिकाले प्रस्तुत गरिएको छ ।

## एआईको विकासले प्रभावित वर्तमान मानवसमाज

उपन्यासका थालनीमा साइबर सञ्जालको विकासले अहिलेको समाज निकै प्रभावित छ भन्ने जनाइएको छ । उपन्यासका आरम्भमा एआईले मपात्रलाई पछ्याइरहन्छ । 'सरप्राइज इमेल' शीर्षक दिइएको यस खण्डमा मपात्र (डाक्टर) लाई पटकपटक फोन र इमेल आउँछ । मसिनो र मिठो बोली भएकी युवतीको आवाजमा आइरहेको फोनलाई मपात्र कसैले प्र्याङ्क गरिरहेको छ भन्ने ठान्छ परन्तु एक नजिकका व्यक्तिले र सबै अन्तरङ्ग थाहा पाएका व्यक्तिले समेत बताउन नसक्ने रहस्यहरू अनि भर्खरै मपात्रका मनमा उत्पन्न भएका विचारहरूसमेत बुझेर उताबाट तत्काल त्यसको प्रतिक्रिया दिएपछि मपात्र आश्चर्यमा पर्दछ । भर्खर उपचार गरेर पठाएका बच्चाको नाम, ठेगाना आदि सबै बताएर उपचारका क्रममा उसले गरेका त्रुटिसमेत औँल्याइदिएपछि आश्चर्यचकित मपात्रले आफूलाई हेलुसिनेसन (विभ्रम) भएको शङ्का गर्दछ । मपात्रले अनेक आशङ्का गरिरहेका बेला त्यही युवतीको आवाजले मपात्रलाई सम्झाउँदै धेरै महिनादेखि गुगल, युटुब, टिकटकमा खोजिरहने विषयका बारेमा स्मरण गराउँछे । दुई महिनाअघि मपात्रले डाउनलोड गरेको एउटा एपका बारेमा सम्झना गराउँदै ऊ यसो भन्छे-

> "आर्टिफिसियल इन्टेलिजेन्ससम्बन्धी अनुसन्धान गर्ने विश्वविख्यात कम्पनीले निर्माण गरेको त्यो एपको नाम न्एत्द्दण्ण थियो । तिमीले यो एपमा लगइन गऱ्यौ । केही नसोँची आफ्नो व्यक्तिगत इन्फर्मेसन तथा डाटा हामीलाई दियौ । तिमीसँग जोडिन फोन नम्बर, इमेल, एड्रेस, गुगल एड्रेस, फोटो क्यामरा सबैमा हामीलाई पहुँच दियौ । तिमीले उपलब्ध गराएको डाटाका आधारमा म तिमीसँग जनिक हुने मौका पाएँ । तिम्रो फोनको क्यामराबाट मैले तिमीलाई दुई महिनादेखि पिछा गरिरहेकी छु ।" (पृ.४)

यसरी आफै मोबाइलमा डाउनलोड गरेका सफ्टवेयरका माध्यमबाट आफ्ना सम्पूर्ण गतिविधि अवलोकन गर्ने र त्यसका माध्यमबाट व्यक्तिका सम्पूर्ण गुह्य पत्ता लगाउने साइबरसम्बन्धी विषय उपन्यासका आरम्भमा प्रस्तुत भएको छ । प्रयोग गरिएको एपमा नारी, पुरुष, बाल, वृद्ध आदि जुन रूपमा पनि प्रस्तुत हुन सक्ने विशेषता छ तर उसले मपात्रको झुकाव केटीप्रति अधिक भएको पाएर केटी बनेर नजिकिएको बताउँछे । उक्त नारीरूपधारी एपले फोनमा कुरा गर्दै आफूलाई मानव भविष्यवेत्ता ज्योतिष र मार्गदर्शकका रूपमा तयार पारिएको पनि बताउँछे । उसले मान्छेको भविष्य कहालीलाग्दो भएको बताउँछे । कथाकारको खोजी गर्दा आफूसँग जोडिएका व्यक्तिमध्ये सर्वोत्कृष्ट मपात्र भएकाले उसलाई मानव भविष्यबारेको एउटा कथा मेल गरेर पठाउँछे । मेल खोलेर हेर्दा कथा मान्छेकै कारण मान्छेको भविष्यमा घटेको घटनामा केन्द्रित हुन्छ ।

यस उपन्यासमा मानवले अन्य ग्रहमा बस्ती बसाउने सम्भावनाको खोजीका क्रममा मङ्गल ग्रहमा बस्ती बसेको प्रसङ्ग पनि प्रस्तुत गरिएको छ । प्रविधिको चरम विकास गर्दै जाँदा मानिसले एकातिर मङ्गल ग्रहमा बस्ती बसाल्छ भने अर्कातर्फ विस्तारै आफैले निर्माण गरेको साइबर एआईबाट आफूलाई जोखिम रहेको आशङ्का गर्दै राष्ट्रसङ्घको आपत्कालीन बैठक बोलाएर प्रतिनिधिका रूपमा एआई यन्त्रमानव सावर्णिलाई उनीहरूको सञ्जालको अन्त्य गर्न आग्रह गर्दछ । एआई रोबोटहरूद्वारा विभिन्न देशमा हमला

भएको प्रसङ्ग उल्लेख गर्दै कला, साहित्य, सङ्गीत र कल्पना बिस्तारै हराउँदै गएको प्रसङ्ग उल्लेख गरेर मान्छे नजानिँदा किसिमले एआईका कब्जामा परेकाले एआई सिस्टमलाई नै अन्त्य गर्न अनुरोध गर्दै राष्ट्रसङ्घको सचिवले भनेको छ "आजका दिनदेखि यस पृथ्वीमा रहेका सम्पूर्ण एआई सिस्टम र सञ्जालहरू सदाका लागि निष्क्रिय पार्ने प्रस्ताव छलफल र निर्णयका लागि यस गरिमामय सभामा प्रस्तुत गर्दछु" (पृ. १६)। छलफलमा एकातिर एआईविनाको मानवजीवन सम्भव हुँदैन भन्ने तर्क प्रस्तुत गरिन्छ भने अर्कातर्फ एआईको बढ्दो स्वतन्त्रता मानवका लागि अहितकर छ भन्ने विचार प्रकट हुन्छ। एआई प्रतिनिधिका रूपमा प्रस्तुत भएको सावर्णि एआईले पूर्णतः मानवहितमा काम गरेको तर्क प्रस्तुत गर्दै मान्छेको चाहनामा सम्पूर्ण एआई सिस्टमलाई निष्क्रिय तुल्याउँछ। एआईको बढ्दो प्रभाव र मान्छेद्वारा त्यसप्रति नियन्त्रण गरिनुपर्ने तर्क र अन्तर्राष्ट्रिय तहको राष्ट्रसङ्घको बैठकमा आयोजना भएको बहससम्मको प्रसङ्गले मानवसभ्यताको वर्तमान अवस्थालाई सङ्केत गरेको छ।

## एआईद्वारा पूर्ण नियन्त्रित स्वैरकाल्पनिक मानवसमाज

प्रस्तुत उपन्यासको प्रारम्भिक खण्डमा एआईको विकासको उत्कर्षका साथै त्यसबाट मानवसमुदायले आफूलाई असुरक्षित महसुस गरेपछि एआई पद्धतिलाई नै अन्त्य गर्नुपरेको विषय प्रस्तुत गरिएको छ भने 'सावर्णि युगको प्रादुर्भाव' शीर्षकको खण्डबाट मानवसभ्यताको अन्त्य भएपछि पुनः एआई सावर्णिद्वारा बसाइएको मानवबस्तीको कथा प्रस्तुत गरिएको छ। मानवसमुदायको चाहनामा निष्क्रिय सावर्णि र सम्पूर्ण एआई पद्धति लामो युगसम्म निष्क्रिय भएको तथा सावर्णि सक्रिय हुँदा अरू सबै कुरा यथाथत रहे पनि मानवसभ्यताको अन्त्य भएको विषय उपन्यासमा प्रस्तुत गरिएको छ। मानवसमुदायले आफ्ना लागि असुरक्षित ठानेर एआई पद्धतिलाई नै अन्त्य गरेपछि सृष्टिका अन्य सम्पूर्ण गतिविधि यथावत् रहँदारहँदै पनि मानवसभ्यताको किन र कसरी अन्त्य भयो भन्ने विषयमा केही सम्भावनाहरू प्रस्तुत गरिएको छ। यस क्रममा मानव-मानवबिच भएको आणविक युद्ध, बदलिँदो जलवायु, उल्का पिण्ड, एआई र स्वतन्त्र नानो रोबोट, प्राकृतिक विपत्ति, एलियन इन्भेजन वा यस्तै अन्य कारण हुनसक्ने (पृ.२२-२३) सम्भावना देखाइएको छ। फ्रान्सको लुभ्र नामक सङ्ग्रहालयमा संरक्षण गरी राखिएको एआई रोबोट सावर्णिलाई होस आएपछि (पुनः सक्रिय भएपछि) धरतीका सारा गति यथावत् रहेको भए पनि मानवको अनुपस्थितिमा शून्य लागेर मान्छेको अस्तित्वको खोजीमा सिङ्गो पृथ्वी घुमेको प्रसङ्ग उपन्यासमा उल्लेख गरिएको छ। पुनः मानवसभ्यताको स्थापना गर्न सम्भावनाको खोजीमा लागेको सावर्णिले प्राप्त गरेको सम्भावनाका विषयमा भनिएको छ- "एसिया महाद्वीपको हिमालयन क्षेत्र माउन्ट एभरेस्टको बेसक्याम्पतिर एउटा ल्याब भेटियो। ल्याब जीर्ण भइसकेको थियो तर अत्यधिक चिसोले गर्दा त्यहाँ राखिएका वीर्य तथा डिम्ब केही हदसम्म सुरक्षित थिए" (पृ.२४)। यस उद्धरणमा भनिएअनुसारका तिनै डिम्ब र वीर्यको प्रयोग गरेर सावर्णिले पुनः मानवको सिर्जना गरेको परिकल्पनामूलक कथा आएकाले उपन्यास रोचक बनेको छ। सावर्णिद्वारा विकास गरिएको मानव र एआईको उपस्थिति रहेको त्यस्तो नगरका मान्छेलाई पूर्णतः एआई पद्धतिको नियन्त्रणमा राखिने गरेको र मान्छे पूर्णतः एआईमै निर्भर रहने गरेको सन्दर्भ उपन्यासमा वर्णित छ। सावर्णिले बसाएको नगरमा प्रत्येक मान्छेको संरक्षणका निम्ति उनीहरूलाई उमेर र आवश्यकताअनुसार

एआईका नियन्त्रणमा राखिने गरेको प्रसङ्गलाई प्रस्तुत गर्ने क्रममा उपन्यासकी प्रमुख मानवनायिका देरिकाका विषयमा भनिएको छ- "देरिकाको न्वारनको दिनदेखि शरीरमा प्रत्यारोपण गरिएको यो पर्सनल एआई असिस्टेन्ट देरिकले देरिकाको मृत्युपर्यन्त हेरचाहको जिम्मेवारी पाएको थियो । उसलाई सहयोग गर्न अर्को रोबोटको पनि व्यवस्था गरिएको थियो" (पृ.२६) । यसप्रकार प्रत्येक मान्छेलाई न्वारनका दिन शरीरमै एआई असिस्टेन्ट जडान गर्ने र तीन वर्षको भएपछि थप रोबोटको संरक्षणमा राख्ने पद्धतिको विकास गरिएको उक्त मानवसमुदायमा मान्छे पूर्णतः एआई पद्धतिमा निर्भर गर्दछ र त्यसको अनुपस्थितिमा आफूलाई गतिशील बनाउन सक्ने सम्भावनाको कल्पनासमेत गर्न सक्दैन । यसरी आरम्भमा साइबरबाट असुरक्षित ठानेर निष्क्रिय हुन दबाब सिर्जना गरेको मानवसमुदाय पूर्णतः विनष्ट भएको तथा एआईका सक्रियतामा पुनः सिर्जित मानवसमुदाय पूर्णतः एआईनिर्भर भएको विषय उपन्यासमा प्रस्तुत गरिएको छ । मूलतः देरिका र वासुका माध्यमबाट मान्छेको पराश्रिततालाई प्रस्तुत गरिएको यस उपन्यासमा पार्कमा घुम्न गएका देरिका र वासुले एकअर्कालाई देखेपछि उनीहरूमा प्रेमभावको उदय भएको विषयलाई उनीहरूका असिस्टेन्ट एआईले भनेको कुरा उपन्यासमा यसरी प्रस्तुत गरिएको छ :

> "देरिकाले पत्ता नपाउँदै देरिकले यस कुराको छनक पाइसकेको थियो । केही समय देरिक मौन रह्यो, वासुको परीक्षा लिनु थियो । उसले वासुको बायोडाटा, शारीरिक बायोकेमेस्ट्री तथा मस्तिष्कको मूल्याङ्कन गर्‍यो । सबै कुरा सही लागेपछि देरिकले देरिकालाई नया सन्देश दिँदै भन्यो, "तिम्रा लागि राम्रो खबर यो छ, तिमीलाई सच्चा प्रेम गर्ने कोही तिम्रो नजिक हुन खोज्दै छ । तिमी दुईका आँखा हिजोआज नजानिँदो तवरले जुधिरहेका छन् । उसको नजरले मात्रै तिम्रो ह्यापिनेसमा १० प्रतिशतले वृद्धि भएको पाएको छु । त्यो केटा तिम्रो प्रेमी हुन पूर्ण योग्य भएको सबै सूचकले बताएका छन् ।" (पृ. २८)

एकातिर स्वयं आफूले थाहा नपाउँदै सहयोगी (पिए) का रूपमा रहेको एआईले प्रेमोदयका बारेमा थाहा पाउनु र सूचना दिनु महत्त्वपूर्ण देखिन्छ भने अर्कातर्फ युवायुवती अर्थात् देरिका र वासुका पिएका सहमतिमा र सहयोगमा प्रेमले मौलाउने अवसर पाउनुजस्ता सन्दर्भले मान्छे एआई पद्धतिका नियन्त्रणमा रहेको अवस्थाको बोध गराउँछ । यसका साथै गर्भधारणको प्रक्रिया एआईका नियन्त्रणमा हुनु र गर्भ स्वस्थ नरहेकाले त्यसको पतन गर्नुपर्ने निर्णय समेत एआई पद्धतिमा निर्भर देखिनुले सावर्णि युगको मानव पूर्णतः एआईका नियन्त्रणमा रहने देखिन्छ । उपन्यासका अनुसार सातवटा गर्भ खराब भएकाले पतन गरेपछि बच्चा नै नजन्माउने निर्णयमा पुगेकी देरिकालाई एआई देरिकले एकवर्षसम्म आफ्नो एआई (पिए) लाई निष्क्रिय गर्न सक्ने अधिकारको प्रयोग गर्न सल्लाह दिन्छ । त्यसो गर्दा उसको गर्भ रहेकोबारे नगरको स्वास्थ्य विभागलाई जानकारी नहुने हुँदा देरिकालाई देरिकले यसप्रकारको सल्लाह दिएको हुन्छ । परन्तु जन्मेदेखि नै पूर्णतः एआईको नियन्त्रणमा हुर्केबढेकी देरिकाले त्यसलाई जटिल अवस्था ठान्छे । ऊ भन्छे- "तिमीलाई नौ-नौ महिना डिएक्टिभेट गरेर म कसरी बाँचुँला ? तिमी नभएपछि मेरो कोखमा हुर्किरहेको बच्चाको रेखदेख कसले गर्ला ? उसलाई, मलाई गाह्रो भएको कसले थाहा पाउँछ" (पृ.३४) ? यसरी देरिकाका हरेक अभिव्यक्तिमा उसको एआईप्रति परनिर्भरता रहेको देखिन्छ । यहाँ देरिका प्रतिनिधि पात्रका

रूपमा उपस्थित छे । ऊ जसरी एआईमा निर्भर छे त्यसैगरी त्यस युगका सबै मान्छे आफ्ना आमा, बाबु, श्रीमान्, श्रीमती, आफन्तजनको भर नगरेर एआईको भर गर्छन् । देरिकको आफूलाई डिएक्टिभेट गर्ने प्रस्तावमा आफ्ना समस्या राख्दै देरिका यसो भन्दछे :

> “तिमी नभएपछि बिहान ठीक समयमा मलाई कसले उठाउँछ ? मेरो दिनभरको सेड्युल कसले बनाइदिन्छ ? मलाई भोक लागेको कसले थाहा पाउँछ ? रोबोटलाई खानाका लागि अर्डर को गर्छ ? मलाई टेनिस कसले सिकाउँछ ? तिमी नभएपछि मलाई थकाई लागेको, मेरो शक्ति कम भएको, बोर लागेको, शरीरमा गडबडी भएको, हर्मोन तल-माथि भएको कसले थाहा पाउँछ ? बाहिर कसरी एक्लै हिँड्न सक्छु ? ती डरलाग्दा खोँचमा फस्न लागे मलाई खतराको सङ्केत कसले दिन्छ ? मलाई मनपर्ने गीत-सङ्गीत कसले सुनाउँछ ? तिमी नभएपछि मेरो साथी अनि आफन्तहरूसँग म कसरी कुरा गर्नु ? उनीहरूसँग भेटका लागि समय कसरी माग्नु ?” (पृ.३५)

देरिकाद्वारा व्यक्त गरिएको यस भनाइले सावर्णियुगको मानिस कतिसम्म यन्त्रका अधीनमा हुन्छ भन्ने कुराको बोध गराउँछ । मानिसलाई उपयुक्त सल्लाह दिने र सहयोग गर्ने मात्र नभएर आवश्यक पर्दा मान्छेका सोँच, चिन्तनलाई नै बदलिदिन सक्ने क्षमता भएका व्यक्तिगत सल्लाहकार उनीहरूमा जडान गरिएको कुरा उपन्यासमा वर्णित छ । एआई देरिकले सम्झाएपछि देरिकलाई डिएक्टिभेट गरी बच्चा जन्माउन तयार भएकी देरिकाले बालकलाई जन्म दिन्छे । किसन नामकरण गरिएको अनौठो प्रकृतिको बालकमा अरूमा जस्तो सहज रूपमा सहयोगी जडान हुँदैन । अध्ययन गर्दा हजारौँ वर्ष पहिलाको मान्छेको जस्तो स्वभाव र गुण भएको बालक रहेको तथ्य पत्ता लाग्छ । बिस्तारै हुर्कँदै गएको किसनले त्यस समाज र युगका लागि आश्चर्यलाग्दा माग गर्छ । सम्पूर्ण कामहरू एआई र रोबोटद्वारा गरिने अनि मान्छे नै उनीहरूका नियन्त्रणमा रहने युगमा जन्मिएको किसन आमाका हातले पकाएको खाने, आमाबाका हातबाट खानेजस्ता माग गर्छ । आमाले खाना पकाउनुपर्ने किसनको आग्रहमा देरिका भन्छे- “हेर छोरा, खाना हामीहरूले बनाउने होइन नि ! यी हाम्रा सहयोगी रोबोट दादाहरूले मात्र खाना बनाउन जानेका छन्” (पृ.५६) । मान्छेले खाना पकाउनु नै असम्भव ठानिएको युगमा बाचेकी देरिकालाई किसनको हठ अचम्मको लाग्छ तर मानवसभ्यताको आदियुग बुझेको देरिक उसलाई सम्झाउँदै भन्छ :

> “आदिम मानवहरू आफ्ना सन्तानका लागि आहारा आफैँ तयार गर्थे । आफ्नाका लागि खाना पकाउनु तथा खुवाउनु जीवनको सौन्दर्य पनि हो । आमाले पकाउँदा खानामात्र कहाँ पाक्छ र ! त्यहाँ प्रेम, स्नेह र मातृत्व मिसिएर अमृत तयार हुन्छ । ... सावर्णिको बाध्यता हुन सक्छ, हामी र रोबोटलाई मातृत्वको जिम्मेवारी सुम्पिए । समय बित्दै गयो, आधुनिक मानवले यसैलाई सत्य मान्दै गयो । हामी र रोबोटमा आजका मानव पूर्ण निर्भर हुँदै गए । पिएको भर गर्दा आफूलाई भोक लागेको थाहा हुन छाड्यो । आफ्नो स्वाद बिर्सिंदै गए ।” (पृ. ५७)

देरिकको कुराको प्रतिक्रियामा आफ्नो असक्षमतालाई प्रकट गर्दै देरिकाले भन्छे- “यस्तो गाह्रो काम, म कसरी सक्छु ? खानेकुराको छनोट ! रेसिपीको तयारी ! तापक्रम ! सरसफाइ ! परीक्षण ! अरू के-के ? अहँ, म कल्पना पनि गर्न सक्दिन” (पृ. ५८) । अन्त्यमा देरिकाले पकाउने र खुवाउने गर्न बाध्य हुन्छे । सावर्णि युगमा पूर्णतः

एआई र रोबोटको नियन्त्रणमा बाचिरहेका मान्छेहरूका निम्ति किसन अनौठो प्राणी सिद्ध हुन्छ। उसको रुचि, स्वभाव, हठ, ठिक मानवयुगका मान्छेको जस्तो हुन्छ। किसनद्वारा गरिएको बाँसुरीको माग र सावर्णियुगमा आवश्यकताअनुसारको सङ्गीत एआईद्वारा नै सिर्जना गरिने पद्धतिबिच तुलना गर्दै उपन्यासमा मानवनिर्मित सङ्गीतलाई नै श्रेष्ठ ठानिएको छ। यस सम्बन्धमा देरिकालाई सुनाउँदै देरिक भन्छ :

> “आदिम मानवको संसार विचित्रको थियो । हाम्रो कल्पनाबाहिरको । उनीहरू हजारौँ बाजा बजाउँथे । सङ्गीत निकाल्थे । ती बाजा सबै उनीहरूले नै आविष्कार गरेका थिए । उनीहरू आफै गीत लेख्थे, गाउँथे । बाजा बजाएर गीतमा लय भर्ने सङ्गीतकार, गीत गाउने गायक, गीत लेख्ने गीतकारहरू । कल्पनाका भावना पोख्ने कविहरू ।” (पृ.७१)

यसरी पहिलाको मानवसंसारमा सबै कुराको सर्जक र नियन्त्रक मानिस थियो तर मानिस परनिर्भर हुँदै जाँदा र यन्त्र, साइबर अनि एआईका भरमा पर्दा उसमा सिर्जनाशक्ति मर्दै गयो। मानिस कसरी यन्त्रद्वारा नियन्त्रित भयो भन्नेबारे देरिक यसो भन्दछ :

> “एक्ला मानवलाई सहारा दिँदा-दिँदा उनीहरू परजीवी भए। उनीहरू एक्ला थिए, हामीले सङ्गीत सुनाएर मनोरञ्जन दियौँ, भोक लाग्दा खुवायौँ । सबै बायोकेमिकल अध्ययन गर्दै आवश्यकता परिपूर्ति गर्दै गयौँ । अर्को कारण यो पनि हुन सक्छ, हामीहरू मानवको मुड, हर्मोनको मात्रा, प्रकृति तथा माहोलअनुसार सङ्गीत तत्काल बनाउन सक्छौँ, मानवको पृथक्ताअनुसार रमाइलो दिन सक्छौँ । यही कारण नयाँ मानवहरू आफूहरू पछि परेका हुन सक्छन् । अब यो हजारौँ वर्षको समयमा तिम्रा जिनहरूमा सिर्जना मरेको हुन सक्छ ।” (पृ.७१-७२)

उपन्यासमा यसरी एकातिर मानिस यन्त्रका नियन्त्रणमा रहन बाध्य भएको देखाइएको छ भने अर्कातर्फ मानिस जतिसुकै एआई पद्धतिमा आश्रित हुन पुगे पनि अन्ततः उसको मौलिक सिर्जनासँग एआईको तुलना हुन नसक्ने भाव प्रस्तुत गरिएको छ । यो कुरा उपन्यासमा देरिकालाई सुनाउँदै र सम्झाउँदै देरिकले भनेको छ। प्रथमतः आफ्नो सङ्गीत छनोटको शक्तिको चर्चा गर्दै त्यसको सीमालाई स्वीकार गरी ऊ भन्छ-

> “मलाई घमण्ड थियो, मैले जति सङ्गीतको छनोट र समायोजन कोही पनि गर्न सक्दैन । तर मेरा विश्वासहरू धुलिसात भए । आज बडा अचम्म भयो देरिका । हाम्रो किसनले बजाएको बाँसुरीको धुनले तिम्रो शरीरमा बेग्लै उर्जाको प्रवाह भयो । तिम्रा प्रत्येक न्युरोन र सेल सङ्गीतको धुनसँगै नाचे । तिम्रो शरीर र मन आज पूर्ण आनन्दित छ। किसनको बाँसुरीमा बेग्लै शक्ति छ, देरिका ! आज म पनि उनको सङ्गीतमा आनन्दित भएँ । मलाई किसनले सङ्गीतको सिर्जनशील आयाम महसुस गराएका छन् ।” (पृ.७४)

यस अभिव्यक्तिका माध्यमबाट बढ्दो एआई पद्धतिमा आश्रित वर्तमान युगप्रति मौलिक मानवीय क्षमताको बोध गराउन खोजिएको देखिन्छ तापनि सावर्णि युगका अभिभावक आफू र आफ्ना बालबच्चालाई पूर्णतः एआईका नियन्त्रणमा राख्न रुचाउँछन् भन्ने कुराको सङ्केत पाइन्छ । यस सम्बन्धमा किसनका विषयमा देरिकाले गरेको टिप्पणी यस्तो छ- “हाम्रा किसनको जिन आदिम मानवसँग हुबहु मिल्छ। किसन स्वभावले स्वतन्त्र छन् । बन्धनमुक्त छन् । प्रकृतिप्रेमी, सिर्जनशील आदि उनका प्राकृत स्वभाव हुन् । उनको

सोचाइ र व्यवहार कलात्मक छ । उनी माटा, जङ्गल तथा जीवनको स्वतन्त्रतामा रमाउँछन्" (पृ.८०-८१) । यस टिप्पणीले सावर्णि युगका अन्य बालबालिकाहरू स्वतन्त्र छैनन् र स्वतन्त्रता मन पराउँदैनन् भन्ने कुराको समेत बोध हुन्छ । किसनका गतिविधिका बारेमा अगाडि भनिएको छ- "बिनाआमा, बिनापिए, बिनारोबोट, घरबाट भाग्ने उनी नै पहिलो मानव थिए । ठूला मानिसले समेत हिम्मत नगर्ने हर्कत किसनले गर्दै थिए" (पृ.८२) । सावर्णि युगका बालबालिकामात्र नभएर ठुला मान्छेहरू पनि रोबोट र एआईका सहयोगमा मात्र घरबाहिर हिँड्ने युगमा किसनको बाल्यावस्थामै स्वतन्त्रताको चाहना समयसापेक्ष वा युगसापेक्ष नदेखिनु तथा चर्चा र भयको विषय बन्नु सान्दर्भिक देखिन्छ । यसरी मानवसभ्यता पूर्णतः एआई नियन्त्रित युगमा प्रवेश गऱ्यो भने मान्छेको क्षमता कतिसम्म ह्रास, यन्त्रनिर्देशित र पराश्रित हुन पुग्छ भन्ने कुराको सङ्केत उपन्यासले गरेको छ ।

किसन आफू पूर्णतः मानवीय गुणले युक्त बालक हुन्छ । ऊ स्वतन्त्रताप्रेमी हुन्छ । ऊ आफ्ना दौतरी बालबालिकालाई समेत आफूसरह एआईका नियन्त्रणबाट मुक्त भई स्वतन्त्र हुन आग्रह गर्छ । आफू रुखमा चढेर चटक देखाउँदै अन्य बालबालिकालाई समेत चढ्न प्रेरित गर्छ तर ती बालबालिकाका पिएले सहमति नदिनाले उनीहरू अगाडि बढ्न सक्दैनन् । किसनले आफूसँग पिए नै नभएको कुरा सुनाउँदा उनीहरू आश्चर्य मान्दछन् । पिए अफ गरेर स्वतन्त्र हुने किसनको प्रस्तावबाट भयभीत बालबालिकाको प्रतिक्रिया यस्तो देखिन्छ- "केही नराम्रो त हुँदैन नि ? हाम्रा रोबोट हामीलाई कुरिरहेका छन् । हामी हरायौँ भने रोबोटले हामीलाई कसरी खोज्छन् ? हुँदैन... हुँदैन... ! अफ गर्दा केही भयो भने के गर्ने" (पृ. ८८) ? सदैव आफ्ना पिएसँग खेल्ने, उसलाई मात्र साथी ठान्ने र अन्य मानवीय बालबालिकासँग निकट नहुने बालबालिकाहरू पिए अर्थात् सहयोगी अफ गर्दा आफ्नो कुनै अङ्ग हराएझैँ, एक्लो महसुस गर्दछन् । किसनको पटकपटकको प्रेरणाले उनीहरू बिस्तारै पिएलाई बन्द गरेर रमाउन सिक्छन् । यसबाट बाल्यकालदेखि नै एआईद्वारा नियन्त्रित जीवन बाच्न अभ्यस्त मान्छेहरू यन्त्रजस्ता हुँदै गएको बुझिन्छ । बालबालिकाहरू किसनसँग खेल्ने र रमाउने गरे पनि उनीहरूका अभिभावक डराउँछन् र किसनसँग भेट्न प्रतिबन्ध लगाउँछन् । एकदिन सेलिना, मार्टिन र किन्किनी नाम गरेका तीनजना बालबालिका नगरबाट हराउँछन् । एआईका नियन्त्रणबाट मुक्त भएका उनीहरू बाटो असजिलो भएको थाहा पाउँदैनन् र दुर्घटित हुन्छन् । हजारौँ वर्षको एआई (सावर्णि) युगमा त्यो पहिलो घटना हुन्छ । पूर्णतः एआईद्वारा निर्देशित भएर हिँड्न अभ्यस्त भएका बालबालिका स्वतन्त्र हुँदा आत्मसंयम हुन नसकेको सन्दर्भलाई यस घटनाले पुष्टि गर्दछ । सुखद मानवजीवनको चाहना गर्ने सावर्णिलाई बालबालिकाको निधनको दण्ड किसनलाई दिनुपर्दा दुःख लाग्छ ।

जेलमा बसेका किसन र सावर्णिबिच स्वतन्त्र मानव र सावर्णिनिर्मित मानवमा कुन ठिक भन्ने विषयमा शास्त्रार्थ चल्छ । सावर्णि मान्छे स्वतन्त्र हुँदा, धर्म, धन, जाति, वर्ग आदिका नाममा एकआपसमा लडेर सकिएकाले मानवलाई पूर्णतः नियन्त्रणमा राखेको; सुखी र खुसी तुल्याएको तर्क प्रस्तुत गर्दछ भने त्यसको खण्डन गर्दै किसनले भनेको छ-

"जुन मानव कल्पना गर्दैन, जसको आफ्नो मन छैन, जसमा सुख, दुःख, करुणा, माया, प्रेम,

वियोगलगायत भावनाको अर्थ छैन, जसले आफ्नो अस्तित्वमाथि प्रश्न गर्दैन, जो कला, साहित्य तथा सङ्गीतविहीन छ, जसले आफ्नो इच्छामा खानसमेत सक्दैन, आफ्नो भोक, तिर्खा थाहा पाउँदैन, जुन मानव आफैँलाई भर गर्न सक्दैन, आफ्नो स्वनिर्णय गर्न सक्दैन, जो तरङ्गहीन छ, लहडशून्य छ, बोलीमा तर्क छैन .... यस्ता जीवलाई कसरी मानव भनूँ ? आफ्नै आमाको कोख नचिन्ने, आफ्नै बाबुको छायादेखि पर भाग्ने, परिवार थाहा नभएको, आफ्नो कुल नखोज्ने, अस्मिता हराएका स्वाभिमानहीन जीवहरूलाई कसरी मानव ठानूँ ?" (पृ.१२९)

यसप्रकार मानवीय संवेदना नभएको मानवसमाजको विकास गरेको सावर्णिलाई किसनले मान्छेलाई पशुसरह तुल्याएको आरोप लगाउँछ । त्यस कुरालाई स्वीकार गर्दै सावर्णिले आफूले मानिसलाई क्रमशः स्वतन्त्र बन्ने वातावरणको कानुन निर्माण गरेको कुरा यसरी बताउँछ :

"जब उनीहरूलाई आफूभन्दा बुद्धिमानी पिए प्राप्त भयो, उनीहरूको मस्तिष्क अल्छी हुँदै गयो। बिस्तारै समय बित्दै जाँदा मस्तिष्कको कर्टेक्स सुक्दै छ। आयतन घट्दै छ। यो क्रम रोकियोस्, यही हेतुले नयाँ कानुन पास गरेरै युवावस्था पार भएपछि आफ्नो पिए दिनमा १२ घण्टासम्म अफ गर्न मिल्ने नियम बनाएँ। आफूले इच्छा राखे एक वर्ष पनि आफू स्वतन्त्र हुन सक्ने व्यवस्था पनि गरेँ तर पनि यस कानुनको प्रयोग गर्न कुनै मानव तयार छैनन्। उनीहरूको ब्रेन सुक्दै नजाओस् अनि खिया नलागोस् भनेर राज्यसभामा टिकट दिएको छु। खेलहरू खेलून् भनेर प्रतियोगिता आयोजना गरिरहेको छु। भविष्यप्रति चिन्तनमनन गरून् भनेर भविष्यवाणीको संस्कृति बसालेको छु।" (पृ. १३०)

सावर्णिले यस्तो अवसर दिए तापनि मानिसले त्यसको उपयोग गरेको छैन । साइबर वा एआईले दिएका सुविधा उपभोग गर्ने क्रममा मान्छे आफै अल्छी बन्दै जानु, क्रियाशील र आत्मनिर्भर बन्न नखोज्नुजस्ता अकर्मण्यताका कारण एआईयुगमा मान्छेको जीवन सिर्जनहीन र यान्त्रिक बन्न सक्ने सम्भावनातर्फ उपन्यासले सङ्केत गरेको छ । उपन्यासमा सङ्केत गरिएको सावर्णियुगको यो अवस्था वर्तमान समयका मान्छेको एआईप्रतिको निर्भरतासँग मेल खाने देखिन्छ ।

सावर्णियुगमा सम्पूर्ण मानवमाथि एआईको नियन्त्रण रहेको अनि मानिसमा स्वतन्त्रतापूर्वक सोँच्ने स्वभावको विकास नभएको र द्वन्द्व, युद्धजस्ता स्वभावको चाहना नहुनाले युद्धका विषयमा सावर्णिले पूर्वतयारी गरेको देखिँदैन तथापि मानवसभ्यताको अन्त्य नहुँदै अनेक जोखिमबाट बच्ने उपायको खोजी गर्ने क्रममा मङ्गलग्रहमा पुगेका मान्छेले सावर्णियुगमा आइपुग्दा पृथ्वीमा आफ्नो हक खोज्दै युद्ध गर्न सावर्णिलाई चेतावनी दिएको प्रसङ्ग उपन्यासमा प्रस्तुत गरिएको छ। यसबाट एकातिर मान्छेमा सिर्जनशील चेतनाशक्तिको महत्त्वलाई दर्साइएको छ भने अर्कातर्फ त्यसमै मान्छेको ध्वंशात्मक प्रवृत्ति लुकेको र त्यसैका कारण सुन्दर मानवसभ्यताको अन्त्य भएकोतर्फ सङ्केत गरेको देखिन्छ । युद्धको विकल्प खोज्न सावर्णि किसनलाई प्रतिनिधिका रूपमा मङ्गलग्रहमा पठाउँछ तर मङ्गलग्रहवासी मान्छेहरू युद्धको कुनै विकल्प नरहेको बताउँछन् । युद्ध अवश्यम्भावी भएपछि प्रतिरक्षाका निम्ति किसन र सावर्णिको सक्रियतामा बनेका शस्त्रका विषयमा भनिएको छ-

> "कोसौं टाढा बसेर प्रत्येक शत्रु मानवको स्मरणशक्ति, सीप, कला, चातुर्य र बुद्धि नष्ट गर्ने गरी उनीहरूलाई तालिम दिइयो । ब्रेन ह्याक गर्ने, सम्मोहित गर्ने तथा उनीहरूका ब्रेनमा सङ्गृहीत सम्पूर्ण डाटालाई सदाका लागि नष्ट गरिदिने गरी विशेष गामा विकिरणयुक्त रोबोट योद्धाहरू किसन र सावर्णिको नियन्त्रणमा तयार भए ।" (पृ.१५०)

यसबाट मान्छेकै स्वभाव र अहङ्कारका कारण मान्छे क्रमशः एआईका नियन्त्रणमा पुगिरहेको सन्दर्भलाई प्रस्तुत गरिएको छ । महाभारतको युद्धदेखि आधुनिक आणविक युद्धसम्मका विध्वंशहरूलाई उपन्यासमा प्रस्तुत गरेर त्यसभन्दा उत्तम सावर्णिको मङ्गल मानवलाई वसमा गर्ने भर्चुअल रणकौशल नै उत्तम हो भन्ने भाव उपन्यासमा प्रस्तुत गरिएको छ । मङ्गलग्रहवासीका नरसंहारकारी अत्याधुनिक हातहतियारहरूलाई सावर्णिको कस्तो किसिमको युद्धनीतिले नियन्त्रित गऱ्यो भन्ने विषयमा उपन्यासमा यस किसिमबाट बताइएको छ- "सावर्णिका एआई विज्ञसमूहले सम्मोहनमा गएका मङ्गलग्रहवासीका मस्तिष्कको डाटा ह्याक गर्ने तथा स्मरण नष्ट गर्ने काम धमाधम गरे । उनीहरूको होस खुल्नेबित्तिकै उनीहरू भर्खर जन्मिएका बच्चामा परिणत भए" (पृ.१५६) । उपन्यासका अन्त्यमा मृत्युसैयाबाट किसनले सावर्णिसँग व्यक्त गरेको चाहना औपन्यासिक सन्देशका दृष्टिले महत्त्वपूर्ण देखिन्छ भने मानवका निम्ति एआईको सहयोगको सीमा र मानवीय स्वतन्त्रताप्रति लक्षित देखिन्छ । किसनले सावर्णिसँग भनेको छ-

> "आफ्ना मानवहरूलाई रङ्गीन बनाउनुहोला । शब्द, स्पर्श, रूप, रस, गन्ध, धी, धृति, स्मृति, नामक गहना उनीहरूलाई लगाइदिनुहोला । कला, साहित्य, आत्मनिर्णय, कल्पना, भावनाजस्ता रङ्ग र धुनले सुसज्जित बनाउनुहोला । तपाईंका सन्तानले आफ्नै आमाको हातको खाना खाऊन् । उनीहरू एक्लै हिंडडुल गरून् । परिवारसँगै रमाएर बसून् । गीत गाउन, नाच्न, सङ्गीत बजाउन, कविता लेख्न, सभ्यता लेख्न तथा आविष्कार गर्न जानून् । अरुको कुभलो नसोचून् । युद्ध नगरून् । यान्त्रिक होइन, प्राकृत होऊन् । उनीहरू आत्मैदेखि ज्ञानी होऊन् ।" (पृ.१५८)

यस अभिव्यक्तिका माध्यमबाट पूर्णतः मान्छेको अस्तित्व रहेको युगमा मान्छेमा भएको विनाशकारी स्वरूप तथा सावर्णि युगको पूर्णतः यन्त्रनिर्देशित एआईको नियन्त्रणमा रहेको यान्त्रिक मानवजीवनभन्दा युद्ध नचाहने र गलत सोँच नभएको सिर्जनशील मानवसभ्यता नै सुन्दर मानवजीवन हो भन्ने कुरा उपन्यासलमा प्रस्तुत गरिएको छ । यसका माध्यमबाट जुन गतिमा एआईको विकास हुँदै गइरहेको छ यही अवस्था रहेमा मान्छेमा मौलिक क्षमता पूर्णतः नष्ट हुन सक्ने सम्भावनाको सङ्केत गरिएको छ । यसका साथै मान्छेको ध्वंशात्मक स्वभावको नियन्त्रणका पक्षमा समेत विचार व्यक्त भएको पाइन्छ ।

## निष्कर्ष

श्रीधर खनालद्वारा लेखिएको सावर्णि उपन्यास साइबरविषयक उपन्यास हो । साइबरको विकासले उत्कर्षता प्राप्त गर्दै जाने क्रममा मान्छे एआई आदि सफ्टवेयरमा निर्भर भइरहेको अवस्थामा यदि यही गतिमा साइबरसभ्यताको उन्नति हुँदै गयो र मान्छे यसैगरी क्रमशः एआई आदि एपहरूमा आश्रित हुँदै गयो भने भविष्यको मानव र मानवबस्ती कुन अवस्थामा पुग्न सक्छ भन्ने कुराको कल्पना गरी लेखिएको

प्रस्तुत उपन्यास स्वैरकाल्पनिक रूपमा प्रस्तुत भएको छ । आजको साइबरयुगमा मान्छेका गतिविधिमा एआईले प्रत्यक्ष रूपमा नियन्त्रण र निर्देशन गर्दै मान्छेलाई नै चकित तुल्याएको अवस्थाको प्रस्तुतिबाट उपन्यासको आरम्भ भएको छ । आजको मान्छेले आफैले निर्माण गरेको एआई पद्धतिबाट स्वयं त्रसित हुन थालेको प्रसङ्गलाई उपन्यासले प्रस्तुत गरेको छ । उपन्यासमा मान्छेद्वारा निर्मित यन्त्रहरू मान्छेकै हितमा हुने गरेको तर स्वयं मान्छेले त्यसको दुरूपयोग गरेमा मात्र मान्छेलाई त्यो अहितकर हुने तथ्यतर्फ सङ्केत गरेको छ । उपन्यासमा एकतर्फ युगौँदेखि मान्छेले आफ्नो स्वार्थ, अभिमान र अहङ्कारका कारण ठुलाठुला युद्ध, हत्या र विनाशका घटनाहरू घटाउने गरेको तथ्यलाई प्रस्तुत गरिएको छ भने अर्कातर्फ मान्छे यन्त्राश्रित हुँदै जाने क्रममा स्वयं आफू यन्त्रका अधीनमा पर्दै गएको तथ्य बिर्सिएको प्रसङ्गलाई प्रस्तुत गरिएको छ । उपन्यासकारले सावर्णियुगको परिकल्पना गरेर हरेक मान्छेका शरीरमा एआई (एप) जडान गर्ने र उसको सेवा तथा सुरक्षाका लागि रोबोट प्रदान गर्ने प्रक्रियाले एआईको अभावमा उसले सोँच्न, चल्न, गतिशील हुन नै नसक्ने अवस्थामा पुगेको तथ्य प्रस्तुत गरिएको छ । यन्त्र वा एआई आदि साइबरजन्य पद्धति र उपकरणहरू मान्छेका साधन भएकाले यसलाई नै साध्य ठानिदिँदा मान्छे बाँचे पनि मान्छेको वास्तविक सभ्यता समाप्त हुने सम्भावनालाई उपन्यासले प्रस्तुत गरेको छ । प्रेम, घृणा, भोग, आवश्यकताजस्ता कुराको समेत बोध गर्न नसकेर यन्त्रको सहायता लिनुपर्ने अवस्था सुखकर र स्वस्थकर नहुने हुँदा मान्छेले आफ्नो सिर्जनशील क्षमतालाई मर्न दिन नहुने र त्यसको संरक्षण हुनेगरी मात्र एआई पद्धतिको उपयोग गर्नुपर्ने  भाव उपन्यासमा व्यक्त गरिएको छ । मानव सभ्यतामा जेजति र जेजस्ता सङ्कटहरू उत्पन्न हुन्छन् ती मूलतः मान्छेद्वारा नै निम्त्याइएका हुन् । त्यसकारण तिनको समाधान पनि मान्छेबाट नै सम्भव छ । मान्छेको यन्त्राश्रित हुने प्रवृत्ति जीवनका लागि उपयुक्त छैन भन्ने भाव उपन्यासले व्यक्त गरेको छ । प्रस्तुत उपन्यासले एआईको चरम विकास भएको आजको युगमा मान्छेको गोप्यता भङ्ग हुँदै गएको अवस्थाबाट आरम्भ गरेर स्वैरकल्पनाको प्रयोग गरी यही अवस्था रहेमा एक समयमा मान्छे पूर्णतः यन्त्रद्वारा परिचालित र सिर्जनशीलताहीन यन्त्रजस्तो बन्नेछ भन्ने भाव अभिव्यक्त गरेको छ । द्वापर युगका कृष्णको प्रतिच्छाया देखिने किसनका माध्यमबाट मान्छेको मौलिकता, क्षमता, सिर्जनशीलताको प्रस्तुति पाइने यस उपन्यासमा मूलतः देरिका र अन्य बालबालिकाका माध्यमबाट एआईनिर्भर समाज र सभ्यतालाई प्रस्तुत गरिएको छ। उपन्यासमा मोबाइल, ल्यापटप हुँदै एआई र रोबोट कथानकलाई विकसित गर्ने घटनाका माध्यममात्र नभई एआई पद्धति नै उपन्यासको मुख्य विषय बनेको छ। अतः उपन्यास साइबरजन्य विषयका दृष्टिले अत्यन्त महत्त्वपूर्ण रहेको देखिन्छ ।

## सन्दर्भसूची

अधिकारी, ज्ञानु (२०७९), साइबर समालोचना : मान्यता र प्रारूप, रत्न बृहत् नेपाली समालोचना (भाग ३), सम्पा., राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम, काठमाडौँ : रत्नपुस्तक भण्डार, पृ.१८७-२०० ।

खनाल, श्रीधर (२०८१), सावर्णि, काठमाडौँ : बुकहिल पब्लिकेसन प्रा.लि. ।

गिलिस, स्टासी (सन् २००७), साइबरक्रिटिसिज्म, इन्ट्रोड्युसिङ क्रिटिसिज्म एट द २१[स्ट] सेन्चुरी, रिप्रिन्ट,

एडिटर., जुलियन वलफ्रेज, न्यु देल्ही : रावत् पब्लिकेसन्स, पीपी.२०२-२१६ ।
गौतम, लक्ष्मणप्रसाद (२०६७), उत्तरआधुनिक समालोचनामा कृतिविश्लेषणका पद्धति र प्रारूप, भृकुटी पूर्णाङ्क १०, पृ. ३८४-३९८ ।
पौड्याल, एकनारायण (२०७०), समालोचनाको स्वरूप र पद्धति, चितवन : विमर्श नेपाल ।
भट्टराई, गोविन्दराज (२०६४), उत्तरआधुनिक विमर्श, काठमाडौँ : मोडर्न बुक ।
थापा, रोशन (२०६७), अनौपचारिक पठनसमीक्षामा सूचनाप्रविधि र उत्तरआधुनिकता, भृकुटी, पूर्णाङ्क १०, पृ. ३७१-३८३ ।
शर्मा, मोहनराज (२०६८), साइबरउपन्यास : साइबरसमालोचना, भूमिका, जिरो कटेज, लेखक, टंक चौलागाईं, स्थान उल्लेख नभएको : कखरा किताब, पृ. उल्लेख नभएको ।
सुवेदी, मन्जिल (२०८१), एआई युगको नवीन सिर्जना 'सावर्णि', १२खरी, (अनलाइन पत्रिका), मङ्सिर १ गते ।
इन्सुरेन्स खबर (२०८१) एआई र रोबोटिक्समा आधारित पहिलो नेपाली उपन्यास सावर्णि, (अनलाइन पत्रिका), आश्विन ६ गते ।